सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्याविधि, २०७९

अनुसूची -१०

( दफा ९ को उपदफा (२) सँग सम्बन्धित )

नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल

नं.१० गण हे.क्वा.सर्लाही

पुराना जिन्सी मालसामानहरु लिलाम बिक्री सम्वन्धी बोलपत्र आह्वनको सूचना

सूचना नं. १

दोस्रो पटक प्रकाशित मितिः- २०८०/०९/११ गते ।

यस सशस्त्र प्रहरी बल, नेपाल नं. १० गण हे.क्वा सर्लाहीमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको तपशिल बमोजिमका जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको मितिले ४ दिन (मिति २०८०/०९/१६ गते) भित्र बोलपत्र खरिद गरि ५औं दिन ( मिति २०८०/०९/१७ गते ) मा दिन को १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक व्यक्ति, फर्म,संस्था वा कम्पनिलाई आह्वान गरिन्छ ।यस सम्वन्धमा विस्तृत व्यहोरा सशस्त्र प्रहरी बल, नेपालको website:-www.apf.gov.np र बोलपत्र फाराममा उल्लेख गरिएको छ ।यस अतिरिक्त अन्य कुरा बुझनु परेमा वा सम्पति तथा मालसामान हेर्न चाहेमा स.प्र.बल, नेपाल नं.१० गण हे.क्वा.को प्रवन्ध शाखामा सम्पर्क राख्न अनुरोध छ ।

तुल बहादुर भण्डारी
सशस्त्र प्रहरी उपरीक्षक
गणपति

# नेपाल सरकार
## गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल नेपाल नं.१० गण हे.क्वा. सर्लाही, कबिलासि.न.पा.-०८ अगर्वा ।

**सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना !!!**

**सूचना नं. ०१(०८०/०८१)**

**दोस्रो पटक प्रकाशित मिति २०८०।०९।११ गते।**

यस सशस्त्र प्रहरी बल, नेपाल नं.१० गण हे.क्वा सर्लाहीमा रहेको प्रयोगमा आउन नसक्ने लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान 'जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्र माध्यमद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक फर्म, संस्था वा कम्पनिले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्रदाताहरुले सशस्त्र प्रहरी बल, नेपाल नं.१० गण हे.क्वा सर्लाहीको प्रबन्ध शाखाबाट आवश्यक जानकारी हासिल गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. ईच्छुक बोलपत्रदाताले २०८०/०९/१६गते सम्म कार्यालय समय भित्र फिर्ता नहुने गरी रु.१०००।- (अक्षरुपी एक हजार रुपैया मात्र) नेपाल बैंक लिमिटेड, मलंगवा शाखा स्थित सशस्त्र प्रहरी बल, नेपाल नं.१० गण हे.क्वा. सर्लाहीको राजश्व खाता नं.००१०१००००००००१००१००१ कार्यालय कोड नं.३१४०५१९०१ को राजश्व शिर्षक नं.१४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाण पत्र वा ईच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र दोस्रो पटक प्रकाशित भएको मितिले ४ औ दिनको १६:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ५ औ दिनको १४:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समय भित्र गणको प्रवन्ध शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैंक लिमिटेड मंलगवा शाखामा रहेको धरौटी खाता नं.०२९०१००००२००३००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा प्याकेज बमोजिम भर्नु पर्नेछ । बोलपत्र फाराम भित्र रहेको २५ वटा प्याकेज मध्ये एउटा प्याकेज मात्र पनि भर्न सकिनेछ । बोलपत्र स्वीकृत गर्दा प्याकेजगत रुपमा नै सबैभन्दा अधिकतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

तुल बहादुर भण्डारी
सशस्त्र प्रहरी उपरीक्षक
गणपति

# बोलपत्र सम्बन्धी शर्तहरु:-

१. बोलपत्र सम्बन्धी कागजात : लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फारम समावेश भएको सम्पुर्ण बिषय लागु हुनेछ । बोलपत्र दाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फारममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नु पर्नेछ ।

२. बोलपत्रको भाषा लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्र दाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।

३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रममा सम्झौता गर्न पेश गर्न सक्नेछ । यसरी सम्झौता गरे पश्चात बोलपत्र फारममा दस्तखत गर्न लगायतको लागि आधिकारीक ब्यक्ति नियुक्ति गरी निजको दस्तखत नमुना बोलपत्र फारममा समावेश गर्नु पर्नेछ ।

४. लिलाम बिक्री सम्बन्धी कार्वाही आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ तथा नियमावलि २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

५ बोलपत्रसाथ आफुले कबोल गरेको कुल रकमको १०% (दश प्रतिशत) ले हुने रकम सशस्त्र प्रहरी बल नेपाल नं.१० गण हे.क्वा.सर्लाहीको कार्यालय कोड नं ३१४०५१९०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीको एकल खाता नेपाल बैङ्क लिमिटेड मलंगवा शाखाको धरौटी खाता नं ०२९०१०००००२००३००००01 मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

६. बोलपत्र दाताले स्पष्ट रुपमा प्रोपाईटर, कारोवार गर्ने मुख्य ब्यक्ति, कारोवार गर्ने मुख्य स्थल वा पसल फोन नम्बर आदि सबै कुराको जानकरी उपलव्ध गराउनु पर्नेछ ।

७. बोलपत्र दाताले बोलपत्र फारम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाँउमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

८. कार्यालयले लिलाम बिक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रकृयामा चित्त नबुझेका बोलपत्रदाताले सात दिन भित्र कार्यालय प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

९. लिलाम बिक्रीको लागी पेश भएको बोलपत्र स्विकार गर्ने नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेकोछ।

१०. लिलाम बिक्री सम्झौता सम्बन्धी बिवाद देखिएमा कार्यालय र बोलपत्रदाता बिच वार्ताद्वारा समाधान गरिनेछ ।

११. बोलपत्र फारममा बिभिन्न प्याकेजमा सम्पत्ति तथा मालसामान लिलाम बिक्री गर्ने गरी समुहकृत गरीएकोमा प्याकेज भित्र रहेका सम्पत्ति तथा जिन्सी मालसामानको मुल्य कबोल गर्नु पर्नेछ । प्रत्येक प्याकेजको कुल रकममा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनोट गरिनेछ ।

१२. लिलाम बिक्री गरिने मालसामानको न्यूनतम मुल्य रु. ४८,२४६।- (अक्षरुपि अड्चालिस हजार दुई सय छयालिस रुपैयाँ) मात्र कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्युनतम रकम मानी बोलकबोल गर्नु पर्नेछ ।

१३. बोलपत्र फारममा उल्लेख भए अनुरुपका लिलाम बिक्री गरिने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र गर्नु अगाबै हेरी बोलपत्र फारम पेश गर्नु पर्नेछ ।

१४. पेश भएको बोलपत्रको मान्य अवधि साठी (६०) दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मुल्याङ्कन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

१५. बोलपत्र फारममा सम्पत्ति तथा जिन्सी मालसामानको कवोल रकम स्पष्ट अङ्क र अक्षरमा लेख्नु पर्नेछ र अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

१६. लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

१७. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधि भित्र सम्पुर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ ।

१८. लिलाम बिक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्नेछ ।

१९. लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पुर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैंले ब्यहोर्नु पर्नेछ ।

२०. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान बोलपत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता सकिनु अगाबै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२१. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

२२. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

२३. बोलपत्र सम्बन्धि शर्तहरु सम्झौताको अङ्ग हुनेछ ।

तुल बहादुर भण्डारी
सशस्त्र प्रहरी उपरीक्षक
गणपति

नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल नेपाल नं.१० गण हे.क्वा. सर्लाही, कबिलासि.न.पा.-०८ अगर्वा ।

लिलाम विक्री गरिने पुराना जिन्सी सामानहरुको विवरणः-

| सि.नं. | ईकाई | जिन्सी सामानको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | थान | क्यामोफ्लाईज प्लास्टिक हेल्मेट | ९२ थान ७३ के.जि. | |
| २. | थान | हरियो भाईजर हेल्मेट | ७४ थान २४९ के.जि. | |
| ३. | थान | प्लास्टिक लाठी ( कालो/ खैरो ) | ३३ थान ७ के.जि. | |
| ४. | थान | कर्ड पुलथ्रो | ३५ थान १ के.जि. | |
| ५. | थान | मेघाफोन | ५ थान ३ के.जि. | |
| ६. | थान | चाईनिज पालको फलाम | १९ थान २८२ के.जि. | |
| ७. | थान | फलामे हेल्मेट | ११२ थान १०० के.जि. | |
| ८. | थान | रंगिन टि.भि. | ३ थान | |
| ९. | थान | सिलिङ्ग पंखा | १० थान ५२ के.जि. | |
| १०. | थान | फलामे खाट | ७ थान ६० के.जि. | |
| ११. | थान | फलामे कराई | ३ थान ३ के.जि. | |
| १२. | थान | स्टिल डिनर प्लेट | २५ थान ३ के.जि. | |
| १३. | थान | स्टिल थाल/ गिलास/जग/कचौरा | ८४/१३/९/२०/५ | |
| १४. | थान | प्लास्टिक कुर्ची | १० थान १० के.जि. | |
| १५. | थान | स्टिल बट्टा | ३ थान १ के.जि. | |
| १६. | थान | पानि तान्ने मोर्टर | ३ थान ३ के.जि. | |
| १७. | थान | फोटोकपि मेसिन (क्यानन) | २ थान १० के.जि. | |
| १८. | थान | भि.ओ.आई.पि.फोन | १ थान ०.५ के.जि. | |
| १९. | थान | खुकुरी | ५ थान | |
| २०. | जोर | चिया पकाउने दिउरे/ छिल्लर | ४/४ थान २० के.जि. | |
| २१. | थान | सेफ्टी हेल्मेट | २५ थान ३ के.जि. | |
| २२. | थान | १२ भोल्ट ब्याट्री | ३ थान ६० के.जि. | |
| २३. | थान | हेन्ड बडी सर्चर | १ थान ०.५ के.जि. | |
| २४. | थान | ईक्युपमेन्ट सेट (क्यामो.सिर्जना) को फलामे फ्रेम | ५९ थान ६२ के.जि. | |
| २५. | थान | पारर्दर्शी ढाला | ३० थान ४४ के.जि. | |
| जम्मा मुल्य रु. | | | ४८,२४६ /- | |

(तुल बहादुर भण्डारी)

सशस्त्र प्रहरी उपरीक्षक

गणपति